# दिप्रुङ चुईचुम्मा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### याङसोलाटार खोटाङ

## सिलबन्दी दरभाउ पत्र आह्वान सम्बन्धि सूचना

### प्रथम पटक प्रकाशित मिति २०७७/07/03

यस गाउँपालिका तथा नेपाल कृषि सेवा विकास कार्यक्रमको साझेदारीमा सञ्चालन हुने निम्न कार्यक्रमहरुका लागि तपसिल बमोजिमको खाद्यान्न, स्थानीय जातको बाख्रा (खरी) तथा प्रजनन योग्य बोयर जातको बोकाहरु आवश्यक परेको हुँदा ईच्छुक खाद्यान्न आपूर्तिकर्ता, कृषि सहकारी, व्यावसायिक कृषि तथा पशुपालन फर्महरुको लागि सिलवन्दी दरभाउ पत्र बुझाउन हुन यो सूचना प्रकाशन गरिएको छ ।

१. इच्छुक दरभाउ पत्रदाताहरुले मिति २०७७/०७/१७ गते कार्यालय समय भित्र दरभाउपत्र सम्बन्धि कागजात खरिद गरी यस गाँउ कार्यपालिकाको कार्यालयमा मिति २०७७/०७/१८ गते दिनको १२:०० बजे भित्र पेश गर्नु पर्नेछ । ढिलो गरी प्राप्त दरभाउपत्र स्विकार गरिने छैन । तोकिएको समयभित्र पेश भएका दरभाउ पत्रहरु सोहि दिनको १३:०० बजे खोलिने छ ।

२. दरभाउ पत्र खोलिएको दिन देखि गणना हुने गरी कम्तिमा ४५ दिन सम्मको लागि दरभाउपत्र मान्य हुनु पर्नेछ । दरभाउपत्रको साथ तोकिए बमोजिमको दरभाउ पत्र जमानत बापत पेश गर्नु पर्नेछ ।

३. दरभाउ पत्र गाउँपालिकाको सानीमा बैंक दिप्रुङ शाखा ओखेमा रहेको आन्तरिक राजश्व खाता नम्बर नं. ०७१०१००४०००००१४ (GA 1.1 ANTARIK RAJASHWO KHATA) मा रु १,००० जम्मा गरेको भौचर साथ पेश गर्नु पर्नेछ ।

४. दरभाउ पत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिको मिति र समयमा दरभाउ पत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ ।

५. कुनै वा सबै दरभाउपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस गाँउ कार्यपालिकाको कार्यालयमा निहित रहने छ ।

६. दरभाउ पत्र गाउँपालिकाको website www.diprungmun.gov.np बाट download गर्न सकिनेछ ।

**तपशिल**

| सम्झौता नं. | सामाग्रीहरुको विवरण | परिणाम | दरभाउपत्र कागजात दस्तुर | दरभाउपत्र जमानत |
|---|---|---|---|---|
| *DCRM/G/SQ/NASDP/077-078/01/P1* | चामल (मन्सुली) २५ केजीको | ४०० बोरा | १,०००।- | २३,०००।- |
| | मुसुरी दाल (२ केजी) | ८०० के.जी. | | |
| | सनफलावर तेल (१ लिटर) | ४०० पोका | | |
| | नुन (आयोडीन) १ केजीको | ४०० के.जी. | | |
| | डिटोल साबन (ठूलो) | ४०० वटा | | |
| *DCRM/G/SQ/NASDP/077-078/01/P2* | खरी जातको वयस्क पाठी/बाख्रा | १७० वटा | १,०००।- | ४३,०००।- |
| *DCRM/G/SQ/NASDP/077-078/01/P3* | ५० प्रतिशत वोयर जातको प्रजनन योग्य बोका | ७ वटा | १,०००।- | २२,०००।- |
| | १०० प्रतिशत वोयर जातको प्रजनन योग्य वोका | २ वटा | | |

**प्रमुख प्रशासकीय अधिकृत**

# एकल महिला, दलित र गरिबलाई राहत सामग्री

खोटाङ टुडे संवाददाता

रावाबेशी/रावाबेँसी गाउँपालिकाका एकल महिला, दलित र गरिब घर परिवारलाई चाड मनाउन राहत सामग्री उपलब्ध गराइएको छ। नजिकिँदै गरेको हिन्दु नेपालीहरुको महान चाड दशैँतिहार तथा छट पर्व मनाउन गाउँपालिकाले प्रति घर परिवार ३० किलोग्राम चालम, दुई किलोग्राम दाल, दुई लिटर खानेतेल, दुई किलोग्राम नुन र एक डल्ला हात धुने साबुन उपलब्ध गराएको हो ।

गाउँपालिकाभित्र बसोबास गर्दै आएका ४१५ घर एकल महिला, दलित र गरिब परिवारलाई रु नौं लाख ६३ हजार बराबरको राहत सामग्री उपलब्ध गराइएको गाउँपालिका प्रमुख लिलानाथ निरौलाले बताए। दैनिक रुपमा ज्यालादारी काम गरेर जीवन निर्वाह गर्दै आएका परिवारलाई खाद्यान्न अभावमा चाड मनाउन समस्या हुने देखिएको छ, उनले भने, 'वर्षदिनमा एक पटक आउने चाड मनाउन समस्यामा परेका परिवारलाई स्वीस सरकारको आर्थिक सहयोगमा राहत सामग्री उपलब्ध गराइएको हो ।



वडा कार्यालयबाट छनोट भएर आएका लक्षित वर्गलाई वितरण गरिने राहत सामग्री खरिद तथा वितरणमा अनियमितता हुन नदिन यस पटक गाउँपालिकाले कुपन सिस्टम लागू गरेको गाउँपालिका प्रमुख निरौलाले जानकारी दिए । वडाबाट छनोट भएर आएका एकल महिला, दलित र गरिब घर परिवारलाई गाउँपालिकाको तर्फबाट कुपन उपलब्ध गराइन्छ, उनले भने, गाउँपालिकाले उपलब्ध गराएको कुपन लगेर जाने व्यक्तिलाई तोकिएको पसलले राहत सामग्री दिने व्यवस्था मिलाइएको छ ।

राहत सामग्री वितरण गर्नुअघि गाउँपालिका तथा घरेलुमा आधिकारिक दर्ता भएर सञ्चालनमा रहेका होलसेल तथा खुद्रा पसलसँग सम्झौता गरिएको गाउँपालिकाले जनाएको छ । लक्षित वर्गलाई राहत सामग्री उपलब्ध गराउने होलसेल तथा खुद्रा पसललाई गाउँपालिकाले बैंकमार्फत भुक्तानी दिने व्यवस्था मिलाइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रेखबहादुर थापाले जानकारी दिए ।

चाड मनाउनका लागि गाउँपालिकाले आ-आफ्नै वडामा सञ्चालित पसलमार्फत निःशुल्क दैनिक उपभोग्य सामग्री उपलब्ध गराएपछि बनिबुतो गरेर जीवन निर्वाह गर्दै आएका स्थानीय बासिन्दासमेत हर्षित भएका छन् । गाउँपालिकाले वडा नम्बर-१ कुभिण्डेका ७०, वडा नम्बर-२ खार्पाका ६५, वडा नम्बर-३ लामीडाँडाका ७०, वडा नम्बर-४ धारापानीका ६८, वडा नम्बर-५ दुवेकोलका ५५ र वडा नम्बर-६ हौँचुरका ६५ घर परिलाई राहत सामग्री उपलब्ध गराएको हो ।

यसैबीच, गत साउन-१८ र १९ गते गएको बाढीपहिरोका कारण अन्नबाली बगेपछि पीडित बनेका २२ घर परिवारलाई समेत राहत सामग्री उपलब्ध गराइएको गाउँपालिकाले जनाएको छ । उनीहरुलाई पनि प्रति घर परिवार ३० किलोग्राम चालम, दुई किलोग्राम दाल, दुई लिटर खानेतेल, दुई किलोग्राम नुन र एक डल्ला हात धुने साबुन उपलब्ध गराइएको गाउँपालिका प्रमुख निरौलाले जानकारी दिए ।

लामो समयसम्म परेको अविरल वर्षापछि झरेको बाढीपहिरोले वडा नम्बर-१ कुभिण्डे, वडा नम्बर-४ धारापानी र वडा नम्बर-५ दुवेकोलमा ठूलो क्षति गरेको थियो । लोचाखोला थुनिएर झरेको बाढीपहिरोले स्थानीय कृषकले लगाएका सयौं मुरी उत्पादन हुने धान बालीमा क्षति गरेको हो ।


## दिप्रुङ चुईचुम्मा गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### याङ्सोलाटार खोटाङ

### सिलबन्दी दरभाउ पत्र आह्वान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७/०७/03**

यस गाउँपालिका तथा नेपाल कृषि सेवा विकास कार्यक्रमको साझेदारीमा सञ्चालन हुने निम्न कार्यक्रमहरुका लागि तपसिल बमोजिमको खाद्यान्न, स्थानीय जातको बाखा (खरी) तथा प्रजनन योग्य बोयर जातको बोकाहरु आवश्यक परेको हुँदा ईच्छुक खाद्यान्न आपूर्तिकर्ता, कृषि सहकारी, व्यावसायिक कृषि तथा पशुपालन फर्महरुको लागि सिलवन्दी दरभाउ पत्र बुझाउन हुन यो सूचना प्रकाशन गरिएको छ ।

१. इच्छुक दरभाउ पत्रदाताहरुले मिति २०७७/०७/१७ गते कार्यालय समय भित्र दरभाउपत्र सम्बन्धि कागजात खरिद गरी यस गाँउ कार्यपालिकाको कार्यालयमा मिति २०७७/०७/१८ गते दिनको १२:०० बजे भित्र पेश गर्नु पर्नेछ । ढिलो गरी प्राप्त दरभाउपत्र स्विकार गरिने छैन । तोकिएको समयभित्र पेश भएका दरभाउ पत्रहरु सोहि दिनको १३:०० बजे खोलिने छ ।

२. दरभाउ पत्र खोलिएको दिन देखि गणना हुने गरी कम्तिमा ४५ दिन सम्मको लागि दरभाउपत्र मान्य हुनु पर्नेछ । दरभाउपत्रको साथ तोकिए बमोजिमको दरभाउ पत्र जमानत बापत पेश गर्नु पर्नेछ ।

३. दरभाउ पत्र गाउँपालिकाको सानीमा बैंक दिप्रुङ शाखा ओखेमा रहेको आन्तरिक राजश्व खाता नम्बर नं. ०७१०१००४००००१४ (GA 1.1 ANTARIK RAJASHWO KHATA) मा रु १,००० जम्मा गरेको भौचर साथ पेश गर्नु पर्नेछ ।

४. दरभाउ पत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिको मिति र समयमा दरभाउ पत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ ।

५. कुनै वा सबै दरभाउपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस गाँउ कार्यपालिकाको कार्यालयमा निहित रहने छ ।

६. दरभाउ पत्र गाउँपालिकाको website www.diprungmun.gov.np बाट download गर्न सकिनेछ ।

**तपशिल**

| सम्झौता नं. | सामागीहरुको विवरण | परिणाम | दरभाउपत्र कागजात दस्तुर | दरभाउपत्र जमानत |
|---|---|---|---|---|
| *DCRM/G/SQ/NASDP/077-078/01/P1* | चामल (मन्सुली) २५ केजीको | ४०० बोरा | १,०००/- | २३,०००/- |
| | मुसुरी दाल (२ केजी) | ८०० के.जी. | | |
| | सनफलावर तेल (१ लिटर) | ४०० पोका | | |
| | नुन (आयोडीन) १ केजीको | ४०० के.जी. | | |
| | डिटोल साबन (ठूलो) | ४०० वटा | | |
| *DCRM/G/SQ/NASDP/077-078/01/P2* | खरी जातको वयस्क पाठी/बाखा | १७० वटा | १,०००/- | ४३,०००/- |
| *DCRM/G/SQ/NASDP/077-078/01/P3* | ५० प्रतिशत बोयर जातको प्रजनन योग्य बोका | ७ वटा | १,०००/- | २२,०००/- |
| | १०० प्रतिशत बोयर जातको प्रजनन योग्य बोका | २ वटा | | |

**प्रमुख प्रशासकीय अधिकृत**


# संक्रमित भेटिएपछि रतन्छा शिल

खोटाङ टुडे संवाददाता

**खोटाङ**/थप अर्को जना कोरोना संक्रमित भेटिएपछि खोटाङको साकेला गाउँपालिका-२ रतन्छालाई दोश्रोपल्ट शिल गरिएको छ । काठमाण्डौंबाट आएका एक युवालाई कोरोना संक्रमण पुष्टि भएपछि गत असोज २६ गतेदेखि कात्तिक ३ गतेसम्मका लागि शिल गरिएको रतन्छामा थप अर्को जना संक्रमित फेला परेपछि शिल अवधि हप्ता दिनका लागि लम्ब्याइएको हो। रतन्छालाई शिल गरिएको अवस्थामा पुःन अर्को संक्रमित फेला परेपछि आइतबारदेखि आगामी कात्तिक ८ गतेसम्मका लागि शिल अवधि थप गरिएको साकेला गाउँपालिकाका अध्यक्ष अर्जुन खड्का झंकारले बताए। युवालाई संक्रमण पुष्टि भएपछि कन्ट्याक्ट ट्रेसिङका आधारमा १९ जनाको स्वाव संकलन गरेर पिसिआर परीक्षणमा पठाइएको थियो । त्यसमध्ये तीन जनाको रिपोर्ट आउन बाँकी रहेको छ। अर्को जना महिला संक्रमित फेला परेपछि कट्यान्ट ट्रेसिङका आधारमा अन्य व्यक्तिको पिसिआर परीक्षणका लागि पठाउने तयारी भइरहेको गाउँपालिका अध्यक्ष खड्काले बताए ।

काठमाण्डौंबाट आएका युवालाई संक्रमण पुष्टि भएपछि उनकै सम्पर्कमा रहेका व्यक्तिको नमूना संकलन गरेर असोज २७ गते बिराटनगर पठाइएकोमा शनिबार अर्को एक जनालाई संक्रमण पुष्टि भएको हो । रतन्छामा संक्रमित थपिएपछि पहिलोपल्टको शिल अवधि नसकिँदै लगातार दोश्रोपल्टका लागि शिल थप भएको हो। घरपरिवार, छिमेकी, टोल, वडा र गाउँपालिकाका स्थानीयलाई सम्भावित संक्रमण हुनबाट बचाउनका लागि वडा शिल गरिएको गाउँपालिकाले जनाएको छ। वडामा कोरोना संक्रमित भेटिएपछि गाउँपालिकाबाट प्रवाह हुने अतिआश्यक बाहेकका अन्य सेवा बन्द गरिएको प्रमुख प्रशासकीय अधिकृत रबिन मगरले जारी गरेको सूचनामा उल्लेख छ । सो अवधिमा गाउँपालिकाको केन्द्र मानेभञ्ज्याङ आसपासमा सञ्चालनमा रहेका होटल तथा पसल, नेपाल एसबिआई बैंक, साना तथा ठूला सवारी साधन बन्द गरिएको गाउँपालिकाले जनाएको छ । साकेला गाउँपालिकामा संक्रमितको संख्या तीन पुगेको छ ।

यसैबीच, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकामा थप दुई जनालाई संक्रमण पुष्टि भएको छ। दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-८ दोर्पाचिउरीडाँडाका एक जना र एक जना प्रहरी जवानलाई कोरोना संक्रमण पुष्टि भएको हो। पछिल्लो समय कोरोना संक्रमण दर बढिरहेको भए पनि स्वास्थ्य सुरक्षाको मापदण्ड पुरा गर्नमा भने बेवास्ता बढिरहेको छ ।